- **दायित्व हिसाव ब्यवस्थापन:** एकीकरण अभियानमा सामेल भएका संघ/ संस्थाहरूले तिर्न वा फिर्ता गर्नुपर्ने दायित्वको हिसाव एकिकृत रूपमा खडा गर्नु पर्दछ । लेखापरीक्षण प्रतिवेदन वा मुल्यांकनकर्ताको प्रतिवेदनको आधारमा दायित्वको हिसाव एकिकृत गर्न सकिन्छ ।
- **लिनुपर्ने बाँकी हिसाव ब्यवस्थापन:** एकीकरणमा आवद्ध संस्थाहरूले लिन बाँकी हर्जना, ऋणको साँवाब्याज रकम र अन्य सम्पतिको विवरण एकिकृत रूपमा तयार गर्नु पर्दछ ।
- **बैंक खाता तथा नगदी हिसाव ब्यवस्थापन:** एकीकरण अभियानमा सामेल भएका सवै संघ/संस्थाहरूले संचालनमा ल्याएका बैंक खाताको एकीकरण गर्ने वा पुरानो खाता बन्द गरी एकिकृत संस्थाको नयाँ खाता संचालन गरी बैंक रकम एकगठ गर्न सकिन्छ । साथै संस्थाहरूसँग रहेको नगद ब्यवस्थापन गर्न नियम बमोजिमको एकिकृत नगदी बही तयार गर्न पुरानो नगदी बहीको हिसाव जोड गरी नयाँ अभिलेखन गर्नु पर्दछ ।
- **नीति नियमहरुमा परिमार्जन र सुधार:** एकीकरण अभियानमा सामेल भएका सवै संघ/संस्थाहरूले संचालनमा ल्याएका स्वनियमन सम्वन्धि विद्यमान नीति तथा नियमहरूमा छलफल गरी आवश्यक सुधार सहित लागु गर्ने वा नयाँ नीति तथा नियमहरू तयार गरी लागु गर्ने सम्वन्धमा निर्णय गर्नु पर्दछ ।
- **कर्मचारी ब्यवस्थापन:** एकीकरण अभियानमा सामेल भएका सवै संघ/संस्थाहरूमा कामकाज गर्दै आएका कर्मचारीहरू मध्ये स्थायी कर्मचारीहरूको उपयुक्त पदमा समायोजन गर्ने र अस्थायी प्रकृतिका करार, ज्यालादारी आदि कर्मचारीहरूलाई उनीहरूले पाउने सुविधा दिएर विदा गर्न सकिन्छ ।
- **नयाँ नेतृत्वको ब्यवस्था:** एकीकरण अभियानमा सामेल भएका सवै संस्थाहरू मध्ये कुनै एक संस्थाको नेतृत्वलाई बाँकी अवधिको सम्मको लागि स्वीकार गर्ने वा तत्काल एकिकृत रूपमा विशेष साधारण सभा बोलाई नयाँ नेतृत्वको चयन अर्थात संचालक समिति, लेखा सुपरीवेक्षण समिति र अन्य आवश्यकता बमोजिम उपसमितिहरू चयन गर्न सकिन्छ ।
- **कर प्रयोजनको लागि दर्ता नम्वर लिने:** एकीकरण अभियानमा सामेल भएका सवै संस्थाहरूले यस अगाडि पान नम्वर लिएकोमा कुनै एउटा मात्र नम्वर कायम गर्न नजिकको सम्वन्धित कर कार्यालयमा अनुरोध गर्ने वा पुरानो नम्वरको सट्टा नयाँ नम्वर लिएर पनि ब्यवसायिक कारोवार गर्न सकिन्छ ।
- **आधारभूत खाता हिसाव एकिकृत तथा समायोजन गर्ने:** एकीकरण अभियानमा सामेल भएका सवै संघ/संस्थाहरूले अनिवार्य रूपमा राख्न पर्ने आम्दानी, खर्च, सम्पति र दायित्व खाताहरू एकिकृत रूपमा तयार गरी कारोवारको समायोजन गर्नु पर्दछ ।
- **ब्यक्तिगत खाता हिसाव समायोजन गर्ने:** एकीकरण अभियानमा सामेल भएका सवै संस्थाहरूका सवै सदस्यहरूका ब्यक्तिगत खाता अभिलेख एकिकृत गर्नु पर्दछ ।
- **स्थायी सम्पतिको नामसारी गर्ने:** एकीकरण अभियानमा सामेल भएका संस्थाहरू मध्ये कसैको नाममा स्थायी सम्पति रहको भए नियमानुसार एकिकृत संस्थाको नाममा नामसारी गर्नु पर्दछ ।
- **सदस्य सेवामा कटौति गर्न नपाइने:** एकीकरण गर्नु पूर्व संस्थाहरूले संचालन गर्दै आएका काम र सदस्य सेवामा कटौती गर्न पाइने छैन । तर सेवाको गुणस्तर सुधार र थप सेवा विस्तार गर्न सकिनेछ ।
- **सदस्यसेवा केन्द्र संचालन गर्न सकिने:** संघ/संस्था एकीकरण पश्चात सदस्यहरूको सेवा लिने दिने पहुँच विस्तार गर्न नियमानुसार सेवा केन्द्र संचालन गर्न सकिनेछ ।

## ९. सहकारी एकीकरण प्रक्रियामा जिल्ला, प्रदेश, केन्द्रीय र महासंघको भूमिका:

- सहकारी संघ/संस्थाहरूलाई एकीकरणका लागि प्रोत्साहन तथा मार्गदर्शन गर्ने,
- सहकारी संघ/संस्था एकीकरण सम्बन्धि तालिम तथा अभिमुखिकरण गोष्ठि संचालन गर्ने,
- सहकारी संघ/संस्थाहरू वीच समन्वयकारी तथा मध्यस्तकर्ताको भूमिका निर्वाह गर्ने,
- सहकारी शिक्षा, सुचना तथा तालिमका माध्यमवाट संघ/संस्थाहरूको एकीकरणमा जोड दिने,
- एकीकरण सम्वन्धी अध्ययन अन्वेषण र अनुसन्धान गर्ने,
- बस्तु तथा सेवाको मूल्यअभिबृद्धि गर्न मूल्य श्रृंखलामा सहभागिता वृद्धि गर्ने ।

## १०. सहकारी एकीकरण सम्बन्धमा थप सहयोगका लागि सम्पर्क गर्ने निकाय:

सहकारी एकीकरण सम्बन्धमा थप आवश्यक जानकारीका लागि सम्वन्धित जिल्ला सहकारी संघका व्यवस्थापक तथा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको कार्यालयको सम्पर्क नं. ०१-५०१००३३, Email: khanal70@gmail.com/ncfcoop@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।


राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

पुल्चोक, ललितपुर

पो.ब.नं. ११८५९, काठमाडौं, नेपाल

फोन नं. ९७७-५०१०११६, ५०१००३३

इमेल : ncf@wlink.com.np, ncfcoop@gmail.com

वेवसाईट : www.ncfnepal.com.np


# सहकारी संघ/संस्था एकीकरण मार्गदर्शन

# Cooperatives Merging Guidlines




प्रकाशक

सहयोगी

## १. सहकारी संघ/संस्था एकीकरण:

दुई वा दुई भन्दा बढी सहकारी संघ वा संस्थाहरू एक आपसमा विलय हुने प्रकृयालाई सहकारी एकीकरण भनिन्छ । सहकारी एकीकरण एउटा यस्तो रणनीतिक प्रकृया हो जसमा संस्थाको कार्य विस्तार र कार्य विस्तृतीकरणवाट सदस्यहरूमा गुणात्मक सेवा दिने काम गरिन्छ । सहकारी संघ/संस्थाहरूको आवश्यक भन्दा बढि संख्या, दोहोरो सदस्यता, फजुल संचालन खर्च जस्ता असंगतिमा सुधार गर्न मिल्दाजुल्दा संघ/संस्थाहरूलाई मिलाएर संगठनिक एवम् ब्यवसायिक सक्षमता हासिल गर्न एकीकरण रणनीति प्रभावकारी हुन्छ । एकीकरण सहकारी संघ/संस्थाहरूको स्वेच्छामा निर्भर रहेको हुन्छ ।

## २. एकीकरण सम्वन्धी नीतिगत तथा कानूनी प्रावधान:

१) राष्ट्रिय सहकारी नीतिः एकीकरण कार्यलाई प्रोत्साहन गर्न थप सुविधाको प्रावधान र विशेष कार्यक्रमहरू संचालन गरी सहकारी संघ/संस्थाहरूको संख्यालाई सीमित बनाई क्षमता बृद्धि गर्न अभिप्रेरित गरिनेछ । निर्दिष्ट मापदण्ड बमोजिम न्यूनतम शर्त पुरा गर्न नसक्ने सहकारीलाई एकीकरण(Merger) मा लैजाने अनिवार्य शर्तको निर्माण गरी कार्यान्वयनमा ल्याउने कुरा राष्ट्रिय सहकारी नीति, २०६९ मा उल्लेख भएको छ ।

२) सहकारी ऐनः सहकारी ऐन, २०७४ को दफा ८७ मा एकीकरण तथा विभाजन सम्वन्धमा देहाय बमोजिमको प्रावधान राखिएको छः

- यस ऐनको अधीनमा रही दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्यक्षेत्रको आधारमा दुई वा दुई भन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।
- एकीकरण वा विभाजन गर्दा सम्वन्धित सहकारी संस्थाको कुल कायम रहेका सदस्य संख्याको बहुमतवाट निर्णय हुनु पर्नेछ ।
- एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त तथा कार्यविधि समेत खुलाउनु पर्नेछ ।
- एकीकरण र विभाजन सम्वन्धी अन्य ब्यवस्था तोकिए बमोजिम हुनेछ ।

सहकारी ऐन, २०७४ को दफा ८७ मा उल्लेख भए अनुसार दुई वा दुई भन्दा बढी सहकारी संघ वा संस्थाहरू एक आपसमा गाभी एकीकरण गर्न सकिन्छ । त्यसको लागि सम्वन्धित सहकारी संघ वा संस्थाहरूले आ-आफ्नो साधारण सभावाट कायम रहेका कुल सदस्यहरूको बहुमतवाट एकीकरण सम्वन्धि निर्णय अनिवार्य रूपमा गराउनु पर्नेछ । सम्वन्धीत सहकारी संस्थाले एकीकरणको निर्णय गर्दा एकीकरणका शर्त र कार्यविधि खुलाउनु पर्नेछ ।

## ३. सहकारी संघ/संस्था एकीकरणको लागि आवश्यक योग्यता:

- एकै विषय र प्रकृतिका सहकारी संघ वा संस्थाहरू हुनु पर्नेः सहकारी संघ/संस्थाहरूको एकीकरण गर्ने नगर्ने भन्ने विषय सम्वन्धित संघ/संस्थाहरूको इच्छामा निर्भर रहने विषय हो । यो विषय स्वायत्तता र स्वतन्त्रताको सिद्धान्तमा आधारित देखिन्छ । तर सजिलोको लागि एकीकरण हुन चाहने संस्थाहरू एकै विषय र प्रकृतिका हुन राम्रो हुन्छ ।
- एकै काम वा ब्यवसायमा संलग्न संघ/संस्थाहरू हुनु पर्नेः फरक विषय र प्रकृतिका संघ/संस्थाहरू भएता पनि संघ वा संस्थाहरू एकै काम वा ब्यवसायमा संलग्न भएकोले ब्यवसायिक प्रतिस्पर्धा हुने गरेको अवस्थामा ती संस्थाहरू वीचमा एकीकरण हुन सक्दछ ।
- जोडिएको कार्यक्षेत्र भएका संघ/संस्थाहरू हुनु पर्नेः सामान्यतया एकीकरणको लागि संस्थाको कार्यक्षेत्र भौगोलिक रूपमा जोडिएको हुनु पर्दछ । स्थानीय तह, जिल्ला र प्रदेश फरक भए पनि भौगोलिक रूपमा संस्थाको कार्यक्षेत्र जोडिएको अवस्था भएको हुनु पर्नेछ ।
- एकै कार्यक्षेत्र भित्र संचालन भएका संघ/संस्थाहरू एकीकरण गर्न सहज हुनेः एकै विषय, प्रकृति र ब्यवसाय अपनाउने संघ/संस्थाहरूलाई एकीकरण गर्न सकिने भएता पनि प्रशासनिक सहजीकरणको लागि एकीकरण हुन चाहने संघ/संस्थाहरूको कार्यक्षेत्र एउटै भूगोलमा रहेकोमा एकीकरण सम्वन्धी काम गर्न सहज हुन्छ ।
- पारस्पारिकता तथा साझा सम्वन्धन एकैनासको हुन पर्नेः एकीकरण हुन चाहने संघ/संस्थाहरू वीचको पारस्पारिकता तथा साझा सम्वन्धन एकैनासको हुनु पर्दछ ।
- सहकारी संघ/संस्थाहरूमा दोहोरो सदस्यता हटाउन एकीकरण प्रभावकारी हुनेः एकीकरण गर्दा दोहोरो सदस्यतावाट उत्पन्न हुने समस्या हल गर्न सकिन्छ । नयाँ सहकारी ऐनले एकै प्रकृतिको एउटा मात्र संस्थाको सदस्य बन्न सक्ने ब्यवस्था गरेको छ ।

## ४. एकीकरण सहजीकरणका लागि नीतिगत छुटसुविधा:

सहकारी विभागद्धारा जारी सहकारी संघ/संस्था एकीकरण सम्वन्धी कार्यविधि, २०७० को परिच्छेद ४ को बूदा १४, एकीकरण सम्वन्धी अन्य ब्यवस्थामा एकीकरणमा जाने संघ वा संस्थाहरूलाई देहायको छुट सुविधा प्रदान गर्न सकिने प्रावधान राखिएको छः

- दुई वा दुई भन्दा बढी सहकारी संस्थाहरू एकीकरण भई एक संस्था भएमा साविकमा स्वीकृती पाई कारोवार गरिरहेको कार्यक्षेत्र जोडिएको अवस्था भएमा एकीकृत संस्थालाई उपरोक्त कार्यक्षेत्र प्रदान गर्न सकिनेछ ।
- संस्था एकीकरण पछिको कार्यक्षेत्र ठूलो भई सेवा लिनदिन असुविधा भएमा उपयुक्त स्थानमा सेवाकेन्द्र खोल्न दिने ब्यवस्था छ ।
- फरक फरक विषयका संस्थाहरू एकीकरण हुन चाहेमा त्यस्ता संस्थाहरूलाई नयाँ विषयमा काम गर्न स्वीकृति प्रदान गर्न सकिने ब्यवस्था छ ।

## ५. सहकारी संघ/संस्था एकीकरण प्रकृया:

- एकीकरण अभियानमा जान चाहने सम्वन्धित सहकारी संघ वा संस्थाहरूको संचालक समितिवाट एकीकरण प्रकृयामा जाने निर्णय गर्ने ।
- एकीकरण हुन चाहने संस्थाले सम्वन्धित स्थानीय तह वा प्रदेश वा संघीय सरकारवाट पूर्व स्वीकृती र आफू आवद्ध संघ/ महासंघ तथा दातावाट सहमति लिने ।
- एकीकरणमा संलग्न हुने संस्थाहरूका विभिन्न समिति तथा उपसमितिका पदाधिकारी र सदस्यहरूको संयुक्त अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।
- एकीकरणका शर्त र कार्यविधि तयारी गर्न कार्यदल गठन गर्ने ।
- कार्यदलले तयार पारेको शर्त र कार्यविधि सम्वन्धित संस्थाहरूको संचालक समितिले स्वीकृत गरी साधारण सभामा निर्णयार्थ पेश गर्ने ।
- सम्वन्धित संस्थाहरूले एकीकरणका शर्त र कार्यविधि अनुमोदनको लागि नियमित वा विशेष साधारण सभाको वैठक बोलाउने र कुल सदस्यको बहुमतवाट एकीकरणमा जाने निर्णय लिने ।
- एकीकरण अभियानमा समावेश हुन चाहने संस्थाहरूको साधारण सभावाट एकीकरण सम्वन्धी निर्णय अनुमोदन भई सकेपछि सम्वन्धित संस्थाहरू वीच एकिकृत संस्थाको नाम, ठेगाना, कार्यक्षेत्र, कार्य प्रकृति, सम्पत्ति, दायित्व र पूँजी संरचना समेत उल्लेख गरी सम्झौता गर्ने ।
- साधारण सभाले एकीकरणका शर्त र कार्यविधि स्वीकृत गरीसके पछि संघ/प्रदेश/स्थानीय तहमा सम्वन्धित संस्थाहरू वीचको आपसी सम्झौता सहित स्वीकृतिको लागि निवेदन दिनु पर्नेछ ।
- नियमनकारी निकाय (सम्वन्धित स्थानीय गाँउपालीका/नगरपालीका वा प्रदेश वा संघीय सरकार)वाट जाचबुझ गर्दा एकीकरण गर्न उपयुक्त देखिएमा पूर्व स्वीकृति प्रदान गर्नु भन्दा अगाडि अमुक संघ/संस्थाहरू एकीकरण प्रकृयामा गएको कारण जो कसैलाई मर्का पर्ने भए कारण सहित कार्यालयमा उपस्थित हुन पत्रपत्रिकामा १५ दिने सार्वजनिक सूचना जारी गर्नु पर्दछ ।
- नियमनकारी निकाय (सम्वन्धित स्थानीय गाँउपालीका/नगरपालीका वा प्रदेश वा संघीय सरकार)वाट सार्वजनिक सूचना जारी गर्दा पनि कही कतैवाट दावी विरोध नआएमा र आन्तरिक रूपमा जाचबुझ गर्दा एकीकरण गर्न उपयुक्त देखिएमा पूर्व स्वीकृति प्रदान गर्नु पर्नेछ ।
- एकीकरणमा सहभागि हुन चाहने संघ/संस्थाहरूले आफ्नो सम्पति र दायित्व लगायत सम्पूर्ण कारोवारको पछिल्लो मूल्यांकन गराउन अनिवार्य रूपमा लेखापरिक्षण गराएको हुनुपर्दछ । यदि सम्वन्धित आर्थिक वर्षको लेखापरिक्षण भई सकेको अवस्था भएमा आन्तरिक लेखापरीक्षण गराउनु पर्दछ । आन्तरिक लेखापरीक्षणवाट सन्तुष्ट नभएमा सम्पति दायित्व लगायत सम्पूर्ण कारोवारको साथै कर्जा वर्गीकरण तथा कर्जा नोक्सानि ब्यवस्था, तरलताको स्थिति, कानुनको पालना, जनशक्ति ब्यवस्थापन आदि विषयमा मूल्यांकनकर्ता नियुक्ती गरी निजवाट थप मूल्यांकन गराउन सकिनेछ ।
- एकीकरण अभियानमा सामेल भएका सवै संस्थाहरूले तलको एकीकरण सम्वन्धि शर्त तथा कार्यविधि पुरा गरी ऐनको दफा ८७ अनुसारको प्रक्रिया पुरा भएमा एकीकरणको लागि सम्वन्धित स्थानीय तह वा प्रदेश विभाग वा संघीय विभागमा निवेदन दिनु पर्नेछ ।
- सहकारी संघ/संस्थाहरूवाट एकीकरणको लागि संयुक्त निवेदन प्राप्त भए पछि सम्वन्धित स्थानीय तह वा प्रदेश विभाग वा संघीय विभागले संघ/संस्थाको एकीकरण स्वीकृत गरी प्रमाणिकरणको लागि पुरानो दर्ता नम्वर वा नयाँ दर्ता नम्वर दिनु पर्ने छ । एकीकृत संस्थालाई दर्ता नम्वर सहितको प्रमाणपत्र दिईसके पछि जे जति संस्थाहरू एकीकरण प्रकृयावाट विलय भएका छन् । ती संस्थाहरूको लगत कट्टा गर्नु पर्नेछ ।

## ६. एकीकरण स्वीकृतिको लागि पेश गर्नु पर्ने कागजातहरू:

- संघ वा संस्थाहरूको नाम, ठेगाना र कार्यक्षेत्र सहितको संयुक्त निवेदन ।
- संघ वा संस्थाको पछिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन ।
- संघ वा संस्थाको पछिल्लो साधारण सभाको वार्षिक प्रतिवेदन ।
- संघ वा संस्थाहरू वीचको एकीकरण सम्वन्धी सम्झौता पत्रको प्रतिलिपि ।
- एकीकरणमा समावेश संस्थाहरूको आन्तरिक लेखापरीक्षण प्रतिवेदनको प्रति ।
- सम्पति र दायित्व मूल्यांकनकर्ता नियुक्ती गरिएको भए निजको प्रतिवेदन ।
- सहकारी संघ वा संस्था एकीकरण प्रकृयामा अपनाईने शर्त र कार्यविधिको प्रतिलिपि ।
- सम्वन्धित संस्थाहरूको संचालक समिति तथा साधारणसभाको निर्णयको प्रतिलिपि ।
- सहकारी संघ वा संस्था एकीकरण सम्वन्धी सार्वजनिक सूचनाको प्रतिलिपि ।
- नियमनकारी निकायवाट माग भएको अन्य विवरणहरू ।

## ७. सहकारी संघ/संस्था एकीकरण सम्वन्धी शर्त तथा कार्यविधि:

- **कुन कुन संस्थाहरु एकआपसमा एकीकरण गर्ने हो निश्चित गर्ने:** दुई वा दुई भन्दा बढी संघ/संस्थाहरू एक आपसमा एकीकरण हुन सक्ने हुँदा सर्वप्रथम एकीकरणमा संलग्न हुन चाहने संस्थाहरूको सूची तयार गर्नु पर्दछ ।
- **एकीकृत संस्थाको नाम निर्धारण गर्ने :** एकीकरणमा संलग्न संस्थाहरू मध्ये कुनै एकको नामलाई नै स्वीकृत गर्ने वा अन्य कुनै नामाकरण गर्ने हो निर्णय गर्नु पर्दछ ।
- **कार्यालय रहने स्थान निश्चित गर्ने:** संघ वा संस्था एकीकरण पश्चात कायम हुने कार्यालयको ठेगाना तोक्नु पर्दछ ।
- **कार्यक्षेत्र निर्धारण गर्ने :** एकीकरण अगाडि सम्वन्धित संस्थाहरूले प्रयोगमा ल्याएको कार्यक्षेत्र सवै समावेश गरी सेवा प्रदान गर्ने वा एकीकरण पछि कार्यक्षेत्र थपघट हुने हो निश्चित गर्नु पर्दछ । एकीकृत संस्थाको कार्यक्षेत्र निर्धारण गर्दा प्रचलित कानूनसँग नबाझिने गरी निर्धारण गर्नुपर्ने छ ।
- **एकीकृत विनियम बनाउने :** सहकारी संघ/संस्थाहरू एकीकरण भए पछि कुनै एउटा संस्थाको विनियमलाई यथावत स्वीकार गर्ने वा संशोधन गर्ने वा नयाँ बनाउने भन्ने वारे निर्णय गर्नु पर्दछ ।
- **शेयरपूँजी रकम एकिकृत गर्ने :** सहकारी संघ/संस्थाहरूको शेयरपूँजी एकिकृत गर्नु पर्दछ । त्यसको लागि एउटै शेयर रजिष्टर खडा गर्ने र प्रत्येक सदस्यले लिएको शेयर संख्या र शेयरपूँजी रकम अभिलेखन गरी कूल शेयरपूँजी निकाल्नु पर्दछ ।
- **जगेडा तथा अन्य कोषहरुको रकम सम्वन्धित कोषमा एकिकृत गर्ने :** प्रत्येक संस्थाको जगेडा कोषमा रहेको रकम अक्षयकोषको रूपमा रहने हुँदा एकीकरणमा संलग्न संस्थाहरूको रकम धेरथोर जति भए पनि एकिकृत गर्न सकिन्छ । तर अन्य कोषहरू मध्ये लाभांश कोष, कर्मचारी बोनस कोष र संरक्षित पूँजी फिर्ता कोषको रकम हरेक वर्ष वितरण गरी ती कोषको रकम शुन्य बनाउनु पर्ने हुदा एकीकरण पूर्व सम्वन्धित संस्थाले नियमानुसार वितरण गरी सक्नु पर्नेछ । बाँकी अन्य कोषहरू जस्तै शिक्षा कोष, घाटापूर्ति कोष, संस्था विकास कोष लगायत अरू कुनै कोष भएमा तत् तत् कोषमा एकिकृत गर्नुपर्नेछ । माथि भनिएका कोषहरू मध्ये लाभांश कोष, कर्मचारी बोनस कोष र संरक्षित पूँजी फिर्ता कोषमा बाँकी रकम रहेछ भने ती कोषहरूको रकम जगेडाकोषमा नै एकिकृत गर्नुपर्दछ ।
- **बचत रकम एकिकृत गर्ने:** एकीकरणमा सहभागि संस्थाहरूले संचालन गरेका सवै प्रकारका बचत रकम तत् तत् खातामा एकिकृत गर्नु पर्दछ । कुनै संस्थाले धेरै र कुनैले थोरै मात्र बचत खाता संचालन गरेको भए पनि नछुटाईकन सवै प्रकारका खाताहरू सजिलै सँग एकिकृत गर्न सकिनेछ ।
- **ऋण लगानी हिसाव एकिकृत गर्ने:** एकीकरण प्रकृयामा सहभागि हुने संघ/संस्थाहरूले आफ्ना सदस्यहरूलाई प्रदान गरेको ऋण लगानीको हिसाव एकिकृत गर्ने काम सावधानीका साथ सम्पन्न गर्नु पर्दछ । यसको लागि ऋण लेनदेन दर्ता कितावमा सवै ऋणिहरूको नाम, ठेगाना, बाउबाजेको नाम, जमानीको नाम, धितो विवरण, ऋण रकम, ब्याजदर, ऋण लिएको मिति, ऋण फिर्ता गर्ने मिति समेतका विवरणहरू अभिलेखन गर्नु पर्दछ ।
- **शेयर लगानी हिसाव एकिकृत गर्ने:** एकीकरणमा सामेल भएका संघ/संस्थाहरूले सहकारी अभियानका छाता संघ वा महासंघ र जिल्ला देखि केन्द्रसम्मका संघको सदस्यता प्राप्तीको प्रयोजन तथा व्यवसायिक लगानीको लागि खरिद गरिएको शेयर रकमको हिसाव एकिकृत गर्नु पर्दछ ।
- **सदस्यता दर्ता कितावमा परिमार्जन:** एकीकरणमा सामेल भएका सवै संघ/संस्थाहरूमा आवद्ध सदस्यहरूको एकिकृत अभिलेख तयार गर्न नियममा तोकिए बमोजिमको ढाँचामा सदस्य दर्ता किताव खडा गर्नु पर्दछ ।